भारतको पहिलो रङ्गीन नेपाली / गोर्खा दैनिक

# हिमालय दर्पण

सिलगढ़ी, ७ जनवरी २००८,
सोमबार वि.सं. २०६४ पुस २३ गते

Siliguri 7 January Monday 2008 Rs. 3.00

वर्ष : ६ अङ्क - १६८ पृष्ठ १२ मूल्य : ३.०० रुपियाँ Vol: VI Issue: 168 Page 12

## देशका भावी अभियन्ताहरू सिक्किमका प्राकृतिक सुन्दरता र सहासिक खेलकुदमा मुग्ध

रम्फू, ६ जनवरी (शेखर खवास): देशका विभिन्न प्रतिष्ठित इञ्जिनियरिङ कलेजहरूबाट आएका लगभग ८० भन्दा अधिक विद्यार्थीहरू हाल सिक्किममा कम्प्यूटर सञ्जाल प्रबन्धन र साइबर उपराध विषय विस्तृत जानकारी साथै हिमालय क्षेत्रको प्राकृतिक सौन्दर्य र सहासिक खेलकुदको नौलो एवं रोमाञ्चक अनुभव बटुलीरहेका छन्। यहाँको स्थानीय रम्फू नजिक माझिटारमा अवस्थित सिक्किम मणिपाल इन्स्टिट्यूट अफ् टेक्नलोजी (एसएमआइटी)-मा विषयवस्तु अधारित शैक्षिक ज्ञानको साथ साथै यी विद्यार्थीहरूले टिस्टामा 'वाइट वाटर र्‍याफ्टिङ' लगायत पर्यटनस्थल छाङ्गु साथै भारत-चीन सिमानास्थित नथुला व्यापार मार्गको पनि भ्रमण गरे। यसै क्रममा हिज र आज दार्जीलिङको विश्व प्रसिद्ध 'हिमालयन माउण्टेनियरिङ इन्स्टिट्यूट' (एचएमआइ)-को देखरेखमा विद्यार्थीहरूले पर्वतारोहणको पनि अनुभव प्राप्त गरे।

कतिपय कारणवश कलेज परिषरदेखि विद्यार्थीहरूले बाहिर लान सम्भव नभएकोले कलेजका अग्ला अग्ला भवनहरूमा नै विद्यार्थीहरूलाई दोरीको सहाराले र्‍यापलिङ (माथिबाट तलझर्नु), गुमरिङ (माथि चड्नु), सस्पेन्सन रोप (अग्लो भवनबाट तेर्सो पारेर लामो दूरी तय गरेर जमीनमा झर्नु) औ टेरोलाइसिस ट्र्याभल (दुइ समान उच्चाइको भवनमा वर-पर गर्नु) आदि गराइयो।

धेर जसो विद्यार्थीहरू समतल क्षेत्रका भएकोले उच्चाइबाट भयभित भए तापनि प्रशिक्षकहरूको हौसला र मार्गदर्शनमा सबै विद्यार्थीहरूले यी सहासिक कार्यहरू कुशलतासित पूरा गरेको एचएमआइका आठ सदस्यीय प्रशिक्षक टोलीका निर्देशक नुडुप भूटियाले बताए। 'स्पेश्यल कोर्स' अन्तर्गत एचएमआइले दार्जीलिङ, सिक्किम लगायत गोवा, कोलकता, दिल्ली आदि स्थानका विभिन्न स्कूलहरूमा माउण्टेनियरिङ विषय आधारभूत तालिम दिने औ विदेशबाट पनि विद्यार्थीहरू तालिम लिन दार्जीलिङ आउने गरेको पनि भूटियाले बताए। यस प्रकारको सहासिक खेलकुदमा अंशग्रहण गर्नाले विद्यार्थीहरूको मन मस्तिष्कबाट किताबी पढ़ाइबाट हुने एकोहोरो पनबाट छुट्कारा मिल्ने साथै आत्मविश्वासमा बृद्धि हुने तिनले थप बताए।

वास्तावमा विभिन्न इञ्जिनियरिङ कलेजका यी विद्यार्थीहरू एसएमआइटी औ नेट्टेकद्वारा आयोजित १८ दिवसीय 'नेटवर्क म्यानेजमेण्ट एण्ड इथिकल ह्याकिङ' नामक कोर्समा अंशग्रहण गर्न यहाँ आएका हुन्। यस कोर्स अन्तर्गत कम्प्यूटर क्षेत्रमा सञ्जाल प्रबन्धन औ साइबर अपराध र यसलाई रोकथाम गर्ने विषयमा व्यापक जानकारी उपलब्ध गराइनेछ। आगामी १२ जनवरीमा समाप्त हुन यस कोर्सको विधिवत उद्‌घाटन गत महिना एसएमआइटी-का निर्देशक एसएन मिश्राले गरेका थिए।

यस सम्पूर्ण प्रशिक्षण अवधिमा सर्वश्रेष्ट तीन विद्यार्थीहरूलाई हेलिकप्टरमा गान्तोक शहर औ वरपर स्थानहरूको यात्रा पनि गराइने नेट्टेकका प्रबन्धक सान्तु पुर्कितले बताए। अर्कोतिर पढ़ाइको साथ साथै प्राकृतिक एवं ऐतिहासिक स्थानहरूको भ्रमण औ सहासिक खेलकुदबाट जीवनको नौलो अनुभव र रोमाञ्च प्राप्त भएकोमा विद्यार्थीहरू पनि धेरै खुशी छन्।